प्रमाणिकरण गर्नेको दस्तखत : ...............................

नाम : श्री विजय कुमार सरावगी

पद : प्रमुख

मिति : २०७६।०३।११

वीरगंज महानगरपालिका नगरसभाको पाँचौ अधिवेशनद्वारा पारित (संशोधन सहित)

# आर्थिक वर्ष २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट

## वीरगंज महानगरपालिकाको कार्यालय

जिल्ला : पर्सा

प्रदेश नं. २

आदर्शनगर, वीरगंज

२०७६

**http//:birgunjmun.gov.np**

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

वीरगंज महानगरपालिका नगरसभा पाचौं अधिवेशन बैठकका अध्यक्ष महोदय,

संघीय संसदका माननीय सदस्यज्यू,

प्रदेश सभाका माननीय सदस्यज्यूहरु,

जिल्ला समन्वय समितिका प्रमुखज्यू,

प्रमुख जिल्ला अधिकारीज्यू,

राजनीतिक दलका प्रमुखज्यूहरु,

प्रमुख प्रशासकिय अधिकृतज्यू,

महानगरपालिकाका सल्लाहकारज्यूहरु,

सुरक्षा निकायका वरिष्ठ अधिकारीज्यूहरु,

नेपाल पत्रकार महासंघका प्रदेश र जिल्ला अध्यक्षज्यू,

नागरिक सामाज सम्बद्ध संघ संस्थाका प्रमुखज्यूहरु,

महानगरपालिकाका नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु ।

१) देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने ज्ञात अज्ञात अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाईते तथा अंगभंग हुनु भएका योद्धाहरुमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

२) नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको चार वर्ष पुरा भएको छ । संघ, प्रदेश र स्थानीय तीनै तह संविधानले दिएको अधिकार प्रयोग गर्दै मुलुकलाई दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पुरा गर्न प्रतिवद्ध भएर लागि परेका छन् । संविधान बमोजिम स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने गर्दछ ।

३) नेपालको संविधानको भाग-१९ स्थानीय आर्थिक कार्य प्रणालीमा कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउने, उठाउने र ऋण लिन नपाउने व्यवस्था र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजश्व र व्ययको अनुमान नगरसभामा पेश गरी पारित गराउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ (३) मा नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गते भित्र आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान सम्बन्धित नगर सभामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । प्रस्तुत संवैधानिक तथा कानूनी प्रावधान बमोजिम नगर कार्यपालिकाले तोकिएको समय भित्रै नगरसभामा आय व्ययको अनुमान पेश गरी कानूनी शासन तथा जनउत्तरदायी शासन व्यवस्था प्रतिको दृढ विश्वास कायमै राखेको छ ।

४) यस अवधिमा महानगरपालिकाले लिएको नीति र कार्यक्रमबाट हासिल गरेका उपलब्धी र हाम्रो अनुभूतिका बारेमा समेत समीक्षा गर्नेछौं । साथै आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम यस गरिमामय पाँचौ अधिवेशनमा नगरप्रमुखको हैसियतले प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भैरहको छ ।

**गत आर्थिक वर्ष २०७४/०७५ को यथार्थ**

अध्यक्ष महोदय,

५). अब म आर्थिक वर्ष २०७४/०७५ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न गइरहेको छु । २०७४ साल असोजमा स्थानीय तहको निर्वाचन भए पश्चात हामी जनप्रतिनिधिहरुले यस महानगरपालिकाको जिम्मेवारी र उत्तरदायित्व सम्हालेका थियौं ।

६) आर्थिक वर्ष २०७४/०७५ का लागि रु. ४ अर्ब ३० करोड ५६ लाख ३३ हजार बराबरको कुल व्यय अनुमान गरेकोमा यथार्थमा रु. २ अर्ब ७१ करोड २१ लाख ९८ हजार ४ सय ५८ अर्थात ६३ प्रतिशत व्यय भएको छ । पूँजीगत तर्फ रु. ३ अर्ब १ करोड ६ लाख ६७ हजार ६ सय ४१ को व्यय अनुमान गरेकोमा यथार्थमा रु. १ अर्ब ८० करोड ४९ लाख ५६ हजार २ सय २५ अर्थात ६० प्रतिशत व्यय भएको छ । त्यसैगरी चालु खर्च तर्फ रु. १ अर्ब २८ करोड ११ लाख ८४ हजार ९ सय २५ को व्यय अनुमान गरेकोमा यथार्थमा रु. ९० करोड ७२ लाख ४२ हजार २ सय ३२ अर्थात ७१ प्रतिशत व्यय भएको छ । वित्तिय व्यवस्था तर्फ रु. २ करोड ६१ लाख ५० हजार अनुमान गरेकोमा यथार्थमा रु.२ करोड २५ लाख ६४ हजार १ सय १३ अर्थात ८६ प्रतिशत व्यय हुन गएको छ । उक्त आर्थिक वर्षमा आन्तरीक आय तर्फ रु. २४ करोड ८७ लाख अनुमान गरिएकोमा यथार्थमा रु. २० करोड ३४ लाख आय भई ८१.७८ प्रतिशतले प्रगति भएको छ ।

७) गत आर्थिक वर्षमा हामीले जिम्मेवारी सम्हाल्दा स्रोतको सुनिश्चितता नभएको करिब रु. ३० करोडको भूक्तानी दायित्वले खर्च व्यवस्थापनमा ठूलो असर पाऱ्यो । तथापी आर्थिक वर्ष २०७४/०७५ को बजेट कार्यान्वयनबाट महानगरको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुगेको छ ।

## चालु आर्थिक वर्ष २०७५/०७६ को समीक्षा

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

अध्यक्ष महोदय,

८) अब म चालु आर्थिक वर्ष २०७५/०७६ को नीति, कार्यक्रम तथा बजेटको समीक्षा प्रस्तुत गर्न गईरहेको छु। चालु आर्थिक बर्षमा कुल व्यय रु. ५ अर्ब २० करोड ८६ लाख ८८ हजार अनुमान गरिएकोमा ११ महिनाको अवधिमा रु. २ अर्ब ७६ करोड ७३ लाख खर्च भई ५३.१२ प्रतिशत प्रगति भएको छ। पुँजीगत तर्फ रु. ३ अर्ब ७५ करोड ७० लाख १ हजार ७ सय ८० को व्यय अनुमान गरिएकोमा ११ महिनामा एक अर्व ७४ करोड ९७ लाख १५ हजार छ सय १३ रुपियाँ मात्र व्यय भई ४६.५७ प्रतिशतले प्रगति भएको छ। अधिकांश योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा भएकोले आर्थिक वर्षको अन्त सम्ममा ६५ प्रतिशत खर्च हुने अनुमान छ। त्यसैगरी चालु तर्फ रु. १ अर्ब ४१ करोड ३० लाख ६१ हजार ३ सय ७२ को अनुमान गरिएकोमा ११ महिनामा रु. ९८ करोड ४४ लाख ९९ हजार पाँच सय ९७ रुपियाँ मात्र खर्च भई ६९.६७ प्रतिशत प्रगति भएको छ। वित्तीय व्यवस्था तर्फ रु. ३ करोड ८६ लाख २५ हजार ५ सय को अनुमान गरिएकोमा रु. ३ करोड ३० लाख ८५ हजार ८ सय ५९ ऋणको साँवा व्याज भूक्तानी गरी ८५.६६ प्रतिशत प्रगति भएको छ।

९) आय तर्फ संघीय सरकारबाट वित्तीय समानिकरणमा रु.४३ करोड १७ लाख प्राप्त हुने अनुमान गरिएकोमा ११ महिना सम्ममा सतप्रतिशत प्राप्त भएको, सशर्त तर्फ रु.५५ करोड अनुमान गरिएकोमा रु. ५४ करोड ७३ लाख ६४ हजार प्राप्त भएको, राजश्व बाँडफाँड तर्फ रु. २२ करोड १८ लाख २० हजार अनुमान गरिएकोमा रु. १५ करोड २० लाख ४९ हजार प्राप्त भएको छ। त्यसैगरि प्रदेश सरकारबाट वित्तीय समानिकरणमा रु. ७७ लाख ९९ हजार प्राप्त हुने अनुमान गरिएकोमा रु. ५८ लाख ४९ हजार प्राप्त भएको छ, सशर्त तर्फ ३ करोड अनुमान गरिएकोमा १ करोड ७५ हजार प्राप्त भएको, राजश्व बाँडफाँड सवारी साधन रोयाल्टी तर्फ रु. १ करोड ८५ लाख ४६ हजार प्राप्त भएको छ त्यसैगरी आर्थिक वर्ष २०७४/०७५ देखिनै घरजग्गा रजिष्ट्रेसन वापत रकम प्राप्त भएको छैन। आन्तरिक आय तर्फ रु. ५५ करोड ८४ लाख ७३ हजार अनुमान गरिएकोमा ११ महिनाको अवधिमा रु. २९ करोड ३७ लाख ६८ हजार मात्र आय भई ५२.६० प्रतिशत प्रगति भएको छ। आर्थिक वर्षको अन्त्यसम्ममा रु. ३२ करोड आन्तरिक आय हुने अनुमान छ। राजश्वको महत्वाकाँक्षी लक्ष्य, करको दर उच्च भएको कारण करको दायरा बढ्न नसक्नु एवम् कर घट्ने अफवाह, स्वयम् कर पालनाको कमी र कर प्रशासनमा कडाई नगरिँदा लक्ष्य अनुसार राजश्व संकलन हुन नसकेको हो। यसबाट नगरको विकास खर्च व्यवस्थापनमा संकुचन आएको छ।

## क्षेत्रगत समीक्षा

१०) आर्थिक विकास क्षेत्र तर्फ चालु आर्थिक वर्षको ११ महिनामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको तथ्याङ्क संकलन गरी १६ वटा वडाहरुमा कार्यक्रम कार्यान्वयन प्रारम्भ गरिएको छ ।

११) सामाजिक विकास क्षेत्र तर्फ शैक्षिक सुधारका लागि निरन्तर अनुगमन गरिएको, ६ वटा विद्यालयहरु मर्जर गरी त्यहाँ कार्यरत शिक्षक र विद्यार्थीलाई अन्य विद्यालयमा अध्यापन गर्ने र अध्ययन गर्ने व्यवस्था मिलाईएको छ । विद्यालयमा सेनेटरी प्याड निःशुल्क उपलब्ध गराईएको, छात्रवृत्ति वितरण, पोशाक, ब्याग र आवश्यक शैक्षिक सामाग्री वितरण, शैक्षिक क्यालेण्डर निर्माण, १८ वटा सामुदायिक माध्यमिक विद्यालयमा सिसिटिभी जडान, ई हाजिरीको व्यवस्था र विद्यार्थीका लागि दिवा खाजाको प्रबन्ध गरीएको लगायत विद्यालयका शैक्षिक तथा भौतिक सुधारका कार्य गरिएकोछ ।

१२) सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट भुक्तानी गरिएको, लैङ्गीक समानता तथा सामाजिक समावेशीकरणका लागी जनचेतना मुलक तथा सीपमुलक कार्यक्रम गरिएको, अपाङ्ग परिचयपत्र नगरपालिकाबाट दिन शुरु गरिएको, संस्कृति प्रवर्द्धनका लागि आर्थिक सहयोग गरिएको, बाल मैत्री शासनका लागी विभिन्न कार्यक्रम संचालन, विश्वमै ठुलो मानिने अश्वमेध महायज्ञ नेपालमा पहिलो पटक वीरगंजमा सम्पन्न गरिएको छ । यही असार महिना भित्र सवै वडाहरुलाई खुला दिसा मुक्त क्षेत्र घोषणा गर्नेगरी काम भैरहेको छ ।

१३) पूर्वाधार क्षेत्र तर्फ शंकराचार्यद्वार सौन्दर्यीकरणको कार्य सम्पन्न भएको छ भने घण्टाघरको घडी समेत चल्ने गरी मर्मत तथा रंगरोगन भैरहेको छ । सडक, पार्क, पोखरी लगायत विभिन्न स्थानमा रहेको सार्वजनिक जग्गाको अतिक्रमण हटाई सार्वजनिक स्थल तथा जग्गाको संरक्षण गर्ने काम भैरहेको, नयाँ बस पार्क निर्माण सम्पन्न भई निजी साझेदारी अवधारणा अनुसार संचालनको तयारीमा रहेको, ४ वटा नमुना वडा कार्यालय भवन निर्माण भैरहेको, घरहरुको मैट्रिक ठेगाना दिने कार्य प्रारम्भ भएको, फोहोर पानी प्रशोधन गर्न प्रशोधन केन्द्रको निर्माण सम्पन्न भएको, बाईपास सडकको स्तरीकरण र विभिन्न भित्री सडकहरु कालोपत्रे गर्ने काम भइरहेको छ । चालु आर्थिक वर्षको ११ महिनामा २३.४ किलोमिटर सडक, ४.२४ किलोमिटर नाला र १९ वटा सार्वजनिक सम्पदाहरुको निर्माण गरिएको छ ।

१४) त्यसै गरी मझौला शहर, एकिकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP) अन्तर्गत यस वर्ष ८ किलो मिटर सहित कुल ४४.३४ किलो मिटर भूमिगत ढल निर्माण सम्पन्न भएको, यो वर्ष १.२७ किलो मिटर सहित जम्मा ९.५० किलो मिटर सडक कालोपत्रे गरिएको र सडकको स्तरोन्नति तर्फ यस वर्ष ६.६६ किलो मिटर सहित जम्मा १४.१० किलो मिटर निर्माण सम्पन्न गरिएको छ । क्षेत्रीय सहरी विकास आयोजना (RUDP) अन्तर्गत ३० प्रतिशत भौतिक प्रगति भएको छ ।

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
प्रदेश (नेपाल)

१५) वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा २०७६ श्रावण १ गते देखि लागु हुने गरी सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्ने सम्झौता गरिएको, ल्यान्ड फिल्ड साईटको निर्माण कार्य अन्तिम चरणमा रहेको, हावाहुरीबाट पीडितहरुलाई राहत उपलब्ध गराएको, १ थान नयाँ दमकल खरिद गर्ने प्रकृया अगाडी बढाईएको, दमकलका कर्मचारीहरुलाई तालिम उपलब्ध गराएको, कार्यालयमा विपद् व्यवस्थापन र वातावरण शाखा खडा गरिएको, वातावरण मैत्री शहरका लागि अन्तर निकाय समन्वय तथा सहकार्य गरिएको छ ।

१६) सुशासन तथा संस्थागत विकास तर्फ जोखिमपूर्ण क्षेत्रमा काम गर्ने कर्मचारीहरुको बिमा गराइएको, जनप्रतिनिधि तथा कर्मचारीहरुलाई विभिन्न तालिम उपलब्ध गराइएको, वीरगंज महानगरपालिकाको एप्स प्रयोगमा ल्याएको, सूचनाको हक बमोजिम सूचनाहरु उपलब्ध गराईएको, वडा कार्यालयहरुमा कम्प्युटर जडान कार्य भईरहेको, विकास आयोजनामा सार्वजनिक परीक्षण अनिवार्य गरिएको, आवश्यक कानूनहरु तर्जुमा गरिएको, स्थानीय प्रशासन तथा जिल्लाका सबै स्थानीय तह र गैर सरकारी सस्थासँग समन्वय बैठक गरिएको, राष्ट्रिय विकास परिषद र अन्तर प्रदेश वित्त परिषदको मञ्चमा महानगरको समग्र विकासका लागि बहस र पैरवी गरिएको छ ।

**निष्कर्ष**

१७) नगरको समृद्धि र विकासका लागि अपेक्षित नतिजाहरु देखिन अझै केही वर्ष लाग्ने भएतापनि हामीले छोटो अवधिमै हासिल गरेको उपलब्धिबाट सुशासन, विकास र समृद्धिको दरिलो आधारशिला तयार भएको छ । करिब २० महिनाको कार्यकालमा सीमित आर्थिक स्रोत र जनशक्तिका बावजुद आर्थिक तथा सामाजिक पूर्वाधार निर्माणमा उत्साहजनक उपलब्धिहरु हासिल भएका छन् । जनताको सबैभन्दा नजिकको सरकारको रुपमा महानगरपालिका प्रति स्थानीय जनताको विश्वास र भरोसामा वृद्धि भएको छ ।

**समस्या तथा चुनौतीहरु**

१८) यस वर्षमा नगरपालिकाले काम गर्दा विभिन्न समस्या र चुनौतीहरु भोग्नु पर्यो । खासगरी कर्मचारी समायोजनको कारण पटक पटकको कर्मचारी हडताल, विषय विज्ञ जनशक्तिको अभाव, आन्तरिक श्रोत परिचालनको न्यूनता, नगर सभामा पटक पटक अवरोध, विकास निर्माण कार्यमा विवाद, उजुरी र मुद्दा जस्ता समस्याहरु भोग्नु परेको छ ।

१९) स्थानीय तह अन्तरगत समायोजन भएर आउनु पर्ने जनशक्ति दरवन्दी अनुसार हालसम्म आउन नसक्दा छिटोछरितो सेवा दिन नसकिएको, केही विषयगत कार्यालयहरु अहिले पनि संघीय सरकारको अधिनमा रहेको, महानगर घोषणा गर्दा समायोजन भएका तत्कालीन गाविस र वेल्वा गाउँपालिकाको चलअचल सम्पती हाल सम्म महानगरपालिकालाई हस्तान्तरण गरिएको छैन ।

२०) महानगरपालिकाले अनेकौ चुनौतीहरु पनि सामना गरिरहेको छ । महानगरको ग्रामीण तथा शहरी क्षेत्रको संरचनात्मक द्वन्द, तीन तहका सरकारबीचमा समन्वयको अभाव, विकासमा स्थानीय जनताको सहभागिता र योगदानको अभाव, सबै कुरामा महानगरपालिकाको मुख ताक्ने प्रवृति, जनताहरुको बढ्दो आकाँक्षा तथा अपेक्षा पूरा गर्न आवश्यक श्रोत र साधनको कमी, मानव विकासको कमजोर अवस्था र यी सबैलाई सम्बोधन गर्ने हाम्रो संस्थागत क्षमताको कमी जस्ता चुनौतीहरु देखा परेका छन् । आगामी आर्थिक वर्षको बजेटमा यी चुनौतीहरुलाई पनि संबोधन गरी अघि बढनु पर्ने देखिएको छ ।

२१) महानगरपालिका भित्र बसोबास गर्ने सबै नागरिकलाई करको दायरामा ल्याउन नसक्नु, नगरवासीमो ***कर तिर्नुपर्छ*** भन्ने भावनाको विकास नहुनु, नक्सापास नगरी आवासीय र व्यापारीक प्रयोजनका लागि भवनहरु निर्माण गरिनु, विकास निर्माणका काम र सरसफाईको क्षेत्रमा नागरिकले आफ्नो कतर्ब्यबोध नगर्नु नै मुख्य चुनौतीको रुपमा देखिएको महशुस गरेको छु ।

२२) आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा हाम्रो आर्थिक सामाजिक स्थिति मध्य नजर गर्नु पर्ने देखिन्छ । आर्थिक बर्ष २०७६/०७७ को आर्थिक सर्वेक्षण अनुसार प्रदेश नं. २ मा गरीबीको रेखामुनिको जनसंख्या १९.८ प्रतिशत, बहुआयमिक गरिबी दर ४७.९ प्रतिशत, बेरोजगारी दर सबै भन्दा बढी २०.१ प्रतिशत, साक्षरता दर ४०.९ प्रतिशत र मानिसको अपेक्षित आयु ६७.८ वर्ष रहेको छ । राष्ट्रिय स्तरमा मानव विकासको सूचकाङ्क (HDI) ०.५७४ पुग्दा यस प्रदेशको ०.४८५ पुगेको छ । यस महानगरको करिब ७० प्रतिशत भु-भाग ग्रामिण क्षेत्र रहेको हुँदा हाम्रो विकासको स्थितिमा पनि खासै भिन्नता भएको देखिएको छैन । वीरगंज महानगर क्षेत्रबाट संघिय सरकारलाई वार्षिक रु.४ खर्ब राजश्व बुझाई रहेको यस ठाउँको विकासको अवस्था पछाडी पर्नु ज्यादै विडम्बनापूर्ण छ ।

**आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति, बजेट तथा कार्यक्रम**

अध्यक्ष महोदय तथा नगर सभा सदस्य ज्यूहरु,

२३) अब म आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति, बजेट तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व एवं नागरिकका मौलिक हकलाई मुख्य आधारको रुपका लिएको छु । त्यसैगरि नेपाल सरकारको आर्थिक बर्ष २०७६/०७७ को नीति, बजेट तथा कार्यक्रमलाई पनि मुख्य आधार लिएको छु । आगामी वर्षबाट शूरु हुने पन्ध्रौं योजनाले लिएका विकासका दीर्घकालिन लक्ष्यहरु र दिगो विकासका लक्ष्यहरु हासिल गर्ने तर्फ विशेष ध्यान दिईएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ लाइ पनि कानुनी आधारको रुपमा लिईएको छ । प्रदेश सरकारको नीति तथा बजेट पनि यसको आधार रहेको छ । स्थानीय जनताहरुको आकाँक्षा, जनताले भोग्नु परेका समस्या, क्रमागत ठुला परियोजनाहरु र उपलब्ध श्रोत

साधन निर्णायक आधारहरु हुन । कर सुधार सम्बन्धि कार्यदल, राजश्व परामर्श समिति, पूर्व बजेट छलफल, विभिन्न संघ संस्था र विद्वतवर्गबाट प्राप्त रचनात्मक सुझावहरुलाई नीति तथा कार्यक्रम र बजेटमा समेट्ने प्रयास गरेको छु ।

२४) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बस्ती स्तर देखि नै समावेशी, सहभागितामुलक योजना पद्धति अवलम्बन गरिएको छ । कार्यपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरुमा छलफल भई योजना प्राथमिकिकरण गरिएको र कार्यपालिकाबाट पारित गरे पछि सम्मानित सभामा पेश गरिएको छ । यसबाट स्थानीय जनता र जनप्रतिनिधिहरुमा अपनत्व र उत्तरदायित्वको भावना विकास हुने विश्वास गरिएको छ ।

**महानगरको सोच**

'समृद्ध नेपाल, सुखी नेपाली' दिर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पुरा गर्न आगामी २५ वर्षको दिर्घकालीन सोचको प्रारुप तयार गरीएको छ । राष्ट्रिय आकांक्षासँग सामन्जस्यता राख्दै वीरगंजको दिर्घकालीन समृद्धिका लागि एकिकृत विकास योजना तयार गर्ने र यसलाई मध्यकालीन रुपमा आवधिक योजनाद्वारा कार्यान्वयन गर्ने हाम्रो रणनीति रहेको छ । अवको विकासको कार्य सुची सुशासन, विकास र समृद्धि रहेको छ । यही नै हाम्रो गन्तब्य हो । यसका लागि अल्पकालीन योजनाको रुपमा वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गरिएको छ ।

**बजेटको उद्देश्य**

२५) अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

- महानगरपालिकाको लागि आवश्यक न्यूनतम पूर्वाधारहरु निर्माण गर्दै महानगरलाई सभ्य र समृद्ध बनाउनु ।
- मानव विकासको विभिन्न आयामहरुमा जोड दिई नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार गर्नु ।
- पिछडिएको वर्ग तथा समुदायका लागि सामाजिक न्याय सहितको आर्थिक विकास गर्नु ।
- सुशासन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।
- कृषि तथा औद्योगिक क्षेत्रको उत्पादनमा सहयोग पुऱ्याई रोजगारी र आय अभिवृद्धि गर्नु
- विकास निर्माणमा जनसहभागीता बृद्धि गराउनु ।

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)

प्राथमिकता

**२६) बजेटका उद्देश्यहरु हासिल गर्न देहायबमोजिम प्राथमिकता निर्धारण गरिएको छ ।**

- सडक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती
- आधारभूत तथा माध्यमिक शिक्षा र सोको गुणस्तर सुधार
- आधारभूत स्वास्थ्य, खोप र पोषण
- स्वच्छ खानेपानी, ढल तथा सरसफाई
- कृषि, सिंचाई, पशुपालन र पर्यटन
- युवा तथा खेलकुदको विकास
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- सुशासन र सेवा प्रवाह
- अधुरा आयोजनाहरुको कार्यान्वयन
- उज्यालो वीरगंज अभियान
- हरित वीरगंज अभियान
- प्लाष्टिक तथा ध्वनी प्रदुषण मुक्त वीरगंज

**सभाका अध्यक्ष महोदय**

अब म आगामी आर्थिक बर्ष २०७६/०७७ का क्षेत्रगत प्रमुख नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२७) **आर्थिक विकास क्षेत्र**

- तरकारी, फलफुल, माछा, मासु पसललाई व्यवस्थित गर्न छपकैयामा छुट्टै बजार विकास गरिनेछ ।
- ट्रान्सपोर्ट सेवालाई अझै व्यवस्थित गर्न सम्बन्धित व्यवसायी संघसँग समन्वय गरि आवासिय क्षेत्र बाहिर ट्रान्सपोर्ट नगरको विकास गरिनेछ ।
- सहकारी संस्थाहरुलाई साना बचत तथा ऋण परिचालन, उद्यमशिलताको विकास, कृषि मलको बिक्री वितरण र आत्मनिर्भर समाजको लागि प्रोत्साहन गरिनुको साथै सहकारी संस्थाहरुको सघन अनुगमन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, Sip Challenge Fund, जनसहभागीतामा आधारीत विकास कार्यक्रम र व्यवसायीक सिप विकासको माध्यमबाट रोजगारी सृजना तथा प्रबर्द्धन गरिनेछ ।
- आप्रवासी स्रोत केन्द्र स्थापना गरि वैदेशिक रोजगारमा जाने युवा तथा सम्वद्ध पक्षहरुलाई अभिमुखीकरण गरिनेछ ।

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

- सरकारी सेवामा प्रवेश गर्न चाहने युवा, विद्यार्थीहरुलाई लक्षित गरि विभिन्न संस्थाहरुसँग समन्वय गरि लोक सेवा तयारी कक्षा संचालन गरिनेछ ।
- उन्नत मल, विउ विजन, साना सिंचाई, र निःशुल्क माटो परिक्षणको व्यवस्था गरि कृषि उत्पादनमा सहयोग पुराईनेछ ।
- पशुवजारका लागि उपयुक्त हाटवजार स्थापना गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । वीरगंजको विभिन्न स्थानमा स्वस्थकर पशु बधशाला निर्माण गर्न व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।
- पशुस्वास्थ्य उपचारका लागि औषधी वितरण, पशुपंक्षी उपचार र नश्लसुधारका माध्यमबाट पशुपालनको विकास गरिनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

२८) **सामाजिक विकास क्षेत्र**

- शिक्षा, स्वास्थ्य, पोषण जस्ता आधारभूत सेवाहरुको कार्यक्रमलाई महानगरपालिकाले अपनत्व लिने गरि प्रभावकारी रुपले कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षा, स्वास्थ्य, पोषण, सरसफाई र सहभागिताको अवसर वृद्धि गरि मानव विकासको अवस्थामा सुधार गरिनेछ ।
- मातृ शिशु, नवशिशु, खोप, पोषण र प्रजनन स्वास्थ्य सेवालाई निरन्तरता दिदै आधारभूत तथा आकस्मीक सेवाका लागि औषधी आपूर्ती गरिनेछ ।
- अति विपन्न वर्ग र समुदायका लागि हरेक तीन महिनामा घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रम तर्फ नारायणी अस्पतालबाट प्रसूती सेवा लिदा विपन्न महिलाहरुलाई ब्लड बैंकबाट निशुल्क रगत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय सेवाको मापदण्ड अनुसार प्रभावकारी रुपमा आम नागरिक र लक्षित वर्ग, बालबालिका र आमाहरुलाई उपलब्ध गराईनेछ ।
- स्वास्थ्य संस्था र समुदाय स्तरमा नियमित रुपले विशेष कार्यक्रम मार्फत कुपोषित बालबालिकाहरुको पहिचान र उपयुक्त व्यवस्थापन गरिनेछ ।
- नगरक्षेत्र भित्र गैह्रकानुनी रुपमा सञ्चालित क्लिनिक, स्वास्थसँग सम्वन्धित अन्य स्वास्थ संस्थाहरु तथा औषधीपसलहरुलाई नियमन गरी कानुनको दायरामा ल्याईनेछ ।
- संचालनमा रहेको निजी अस्पताल, स्वास्थसँग सम्वन्धित संस्थाहरु र क्लिनिकहरुको समेत अनुगमन गरिनेछ ।
- मापदण्ड पुरा नगरी संचालनमा रहेका निजी अस्पताल, क्लिनिक र प्याथोलोजिहरुलाई कानुन वमोजिम कार्वाहीको दायरामा ल्याईनेछ ।
- नेपाल सरकारबाट विभिन्न स्वास्थ्य ईकाइमा दिईदै आएको विभिन्न प्रकारका निःशुल्क औषधीमा नागरिकको पहुँच सुनिश्चित गरिने छ ।

- स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजानिक तथा निजी क्षेत्रको सहकार्यलाई प्रवर्द्धन गरिने छ ।
- महिला तथा बालबलिकको कुपोषण न्यूनिकरण, रोकथाम र नियन्त्रणका लागि चेतनामुलक कार्यकमहरु संचालन गरिने छ ।
- सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा अपांगता भएका व्यक्तिहरुको पहिचान गरि उनीहरुको आर्थिक, सामाजिक सशक्तिकरण र पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ । साथै ज्येष्ठ नागरिकलाई सम्मानजनक ढंगले जीवनयापन गर्ने वातावरण सृजना गरिनेछ ।
- नगरवासीको जनस्वास्थ्यको सुरक्षा, उपभोक्ता हित संरक्षणको लागि मूल्य सूचि अनिवार्य खाद्य गुणस्तर कायम गर्ने, खाद्य मिसावट नियन्त्रण गर्ने, होटल, नास्ता खाजाघर, माछा, मासुजन्य पदार्थको विक्री वितरणलाई व्यवस्थित गर्ने, स्वास्थ्य क्लिनिक तथा घुम्ती स्वास्थ्य सेवा तथा महामारी नियन्त्रण गर्ने लगायतका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई सफल बनाई विद्यालय जाने उमेरका सवै बालबालिकालाई विद्यालयमा भर्ना गरिनेछ ।
- सामुदायिक विद्यालयको भौतिक निर्माण, शैक्षिक गुणस्तर सुदृढीकरण नि:शुल्क रुपमा पुस्तक वितरण र छात्रवृत्ति वितरण गरि सामुदायिक विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाइने छ ।
- शैक्षिक कार्यतालिका अनुसार शिक्षकले नियमित रुपमा अध्यापन गरे नगरेको कुरामा नियमित अनुगमन गरि सो को पृष्ठपोषणको आधारमा शिक्षकलाई दण्ड तथा पुरस्कारको नीति लिईनेछ भने शैक्षिक गुणस्तर अभिबृद्धिका लागि हरेक विद्यालयमा नगरपालिकाले व्यवस्थापन समितिसँग र व्यवस्थापन समितिले प्रधानाध्यापकसँग कार्य सम्पादन करार अनिर्वाय गरिनेछ ।
- महानगरभित्रका ग्रामिण क्षेत्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरु टिफिन पछि खाजा खान भाग्ने प्रवृतिलाई रोक्नको लागि खाजा कार्यकमलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई विद्यालय परिसर र कार्य अवधि भित्र राजनैतिक क्षेत्रबाट मुक्त गर्न छुट्टै आचारसंहिता तयार गरि लागु गरिनेछ ।
- महानगरपालिका भित्र संचालनमा रहेका सम्पूर्ण माध्यामिक र उच्च माध्यामिक सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यनरत विद्यार्थीहरुको ब्लड ग्रुप छुट्टाउन तथा रक्तदाता सचेतना र रक्तदान कार्यक्रम संचालन गर्न सो क्षेत्रमा कार्यरत संस्थासँग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।
- विद्यार्थीलाई सम्बन्धित शिक्षण संस्थाबाट स्थानीय सरकारले तोकेको छात्रवृत्ति प्रदान गर्न गराउन ***छात्रवृत्ति समिति*** गठन गरिनेछ ।
- संस्थागत विद्यालयहरुको स्तर र श्रेणी निर्धारण गर्न अधिकार सम्पन्न समिति वनाईनेछ । जसले सिफारिस गरेको आधारमा संस्थागत विद्यालयको वर्गीकरण गरिनेछ ।
- शिक्षा क्षेत्रका लागि सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग बढाई शिक्षाको गुणस्तरमा सुधार गरिनेछ ।

- परिक्षा प्रणालीलाई व्यवस्थीत, मर्यादित र पारदर्शी बनाउने दुई हजार विद्यार्थीले एक पटकमा परिक्षा दिन सक्ने परिक्षा हल निर्माणका लागि सरोकारवालासँग समन्वय गरिनेछ ।
- वीरगंज महानगर भित्र संचालनमा रहेका र शैक्षिक गतिविधि संचालन गर्ने सम्पूर्ण शिक्षण संस्थाहरुको रेकर्ड अद्यावधिक गरिनेछ ।
- वीरगंज महानगरलाई निजी क्षेत्रको सहकार्यमा शैक्षिक तथा खेलकुद हबको रुपमा विकास गरिनेछ ।
- दोस्रो बाइपास सडक संचालन गर्न पिपरा स्थित श्री नृसिंह माध्यमिक विद्यालयलाई महानगरपालिकाको लक्ष्मनवा पार्कमा रहेको जग्गामा स्थानान्तरण गरि आधुनिक विद्यालय भवन निर्माण कार्य यसै बर्ष सम्पन्न गरिनेछ ।
- विकास पत्रकारितालाई प्रोत्साहन गरिनेछ । संचारकर्मीको क्षमता अभिवृद्धि, नागरिक सचेतना अभिवृद्धिका लागि पत्रपत्रिका मार्फत सुचना र रेडियो कार्यक्रम संचालन गरिनेछ ।
- समृद्ध महानगर निर्माण अभियानमा छापा तथा विद्युतीय संचार माध्यमलाई सरिक गराईनेछ ।
- भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिको विकास एवं सम्बर्द्धनका लागि ***भोजपुरी प्रतिष्ठान*** स्थापना गरिनेछ ।
- स्थानीय भाषा, धर्म, कला, संस्कृति र भेषभुषाहरुको संरक्षण र प्रबर्द्धन गरिनेछ ।
- कला, साहित्य, संस्कृतिलाई समृद्ध बनाउन ***वीरगंज महोत्सव*** संचालन गरिनेछ जसका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- सामाजिक कुरीति र विभेदहरुको अन्त्यको लागि जनचेतना वृद्वि गराउँदै सबै भाषा, धर्म, लिङ्ग र संस्कृतिका समुदायको मानिसहरुलाई मुल प्रवाहीकरण गरिनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई विकास योजनाको सबै चरणमा सहभागी गराईनेछ ।
- बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, शोषण, दुर्व्यवहार र हिंसा अन्त्यको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- बालविवाह नियन्त्रण गर्न जनचेतनामुलक कार्यक्रम संचालन गर्ने र बालविवाहमा संलग्न हुनेहरुलाई स्थानीय प्रशासनसँग समन्वय गरी कार्यवाही गरिनेछ ।
- महिला माथि हुने सवै प्रकारका हिंसा अन्त्यका लागि ***लैङ्गिक हिंसा विरुद्धको वर्ष*** अभियानलाई सफल बनाईनेछ ।
- बालमैत्री नगर निर्माणमा देखापरेको बालश्रमिक र सडक बालबालिकाको समस्यालाई न्यूनिकरण गर्न महानगरपालिकाको पहलमा बालहेल्प लाईन स्थापना गरिएको छ । विभिन्न कार्यस्थलमा भएका बालवालिकालाई उद्धार गरि उनीहरुको शिक्षा र स्वास्थ्यको उचित प्रवन्ध गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकाको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

- सामाजिक विकासमा राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैर सरकारी संघसंस्थाहरु र निजी क्षेत्रको लगानीलाई परिचालन गरिनेछ ।
- युवाहरुकोलागी खेलकुद, सिप तथा उद्यमशिलताको विकास र सामुदायिक विकासमा संलग्न गराई युवाहरुलाई क्रियाशिल र सृजनशिल बनाईनेछ ।
- लागुपदार्थ दुर्व्यसन विरुद्ध विभिन्न संघसंस्थाहरुको सहभागीतामा जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।
- लागु औषध सेवनकर्ताहरुका उपचारका लागि संचालनमा रहेको सुधार गृहहरुको नियमित अनुगमनको व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वडाका टोलहरुमा टोल विकास संस्था गठन तथा सुदृढिकरण गरि सामुदायिक विकासमा परिचालन गरिनेछ ।
- वडा नं. १० मा रहेको पुस्तकालयको सुदृढीकरण गर्दै निजी क्षेत्रको साझेदारीमा केही स्थानहरुमा नमुनाको रुपमा इ-लाइब्रेरी संचालन गरिनेछ ।
- नारायणी रंगशाला लगाएत अन्य खेलकुद पूर्वाधारहरुलाई महानगरपालिका मातहतमा ल्याउन संघिय सरकारसँग पहल गरी खेलकुद विकासको लागि विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।
- महानगरस्तरीय अन्तर विद्यालय र अन्तर कलेज मेयर कप खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ ।
- गैर सरकारी संघसंस्था तथा सामुदायिक संस्थाहरुको नियमित अनुगमन, नियमन, परिचालन र समन्वय गर्न विशेष डेस्कको प्रवन्ध गरिनेछ ।
- ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक मठ, मन्दिर, मस्जिद, पार्कहरुको संरक्षण गर्दै नगर क्षेत्रमा पर्यटन पूर्वाधारको निर्माण एवं विकास गरी आन्तरिक र बाह्य पर्यटनको प्रर्वद्धनमा जोड दिइनेछ ।
- प्रत्येक वडामा युवा क्लब गठन गरी सो क्लबको लागि भवन निर्माण गर्न सार्वजनिक जग्गा व्यवस्थापन गरिनेछ ।
- साक्षर वडा घोषणाको लागि प्रत्येक घरमा कोहि निरक्षर नरहेको र विद्यालय जाने उमेरका कुनै बालबालिका बाँकी नरहेको घोषणा सम्बन्धी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२९) **पूर्वाधार विकास क्षेत्र**

- यातायात तथा सवारी व्यवस्थापनकालागि नयाँ बस पार्क संचालनमा ल्याईनेछ ।
- निर्माणाधिन सडकहरु सम्पन्न गर्दै अन्य सडकहरुको स्तरोन्नती तथा मर्मत संभार गरिनेछ । ग्रामिण क्षेत्रका सडकहरुलाई शहरीक्षेत्रको सडकसँग जोडने कार्य गरिनेछ ।

- पुल पुलेसा निर्माणका लागि संघीय, प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- फोहोर पानी (Severage water) प्रसोधन केन्द्रको निर्माण कार्य सम्पन्न भई सकेकोले घरहरुको फोहोर पानी उक्त केन्द्रमा ल्याउन जोड्ने काम गरिनेछ ।
- महानगरपालिकाको बैठक कक्ष विस्तार तथा आधुनिकरण गरिनेछ ।
- वीरगंजको घण्टाघर स्थित विपि उद्यानको जमिनमा आधुनिक अन्तर्राष्ट्रिय स्तरको सभाहल, शहिदको शालिक सहितको पार्क, पसल समेतको खुल्ला मंच, पार्किङको निर्माणका लागि संघीय सरकारसँग सहकार्य गरिनेछ ।
- विकास निर्माणमा जनसहभागीतालाई जोड दिइनेछ । उपभोक्ता समितिको न्युनतम लागत सहभागितामा पुर्वाधारका आयोजनाहरु सञ्चालन गरिनेछ । न्युनतम २० प्रतिशत भन्दा वढी जनसहभागीता जुटाउने उपभोक्ता समितिलाई प्राथमिकता दिई आयोजना स्वीकृत गरिनेछ ।
- आर्सेनिक युक्त पानीको कारण जोखिम देखिएका ग्रामिण क्षेत्रमा चापाकलको विकल्पमा खानेपानी ट्यांकी निमार्णका लागि संघिय तथा प्रदेश सरकारसँग प्रस्ताव पेश गरिनेछ । त्यसका लागि उपयुक्त ठाउँको छनौटगरी खानेपानी उपभोक्ता समिति मार्फत काम अगाडी बढाउन प्रकृया थालनी गरिनेछ । चापाकल वितरण प्रणालीलाई व्यवस्थित गर्न उपभोक्ता समिति मार्फत कार्य सम्पन्न गर्नेगरी नगरपालिकाको ५० प्रतिशत र उपभोक्ताको ५० प्रतिशत रकममा सार्वजनिक स्थलमा चापाकल जडान गरिनेछ ।
- वेरोजगार युवाहरुलाई लक्षितगरी स्वरोजगारमूलक प्राविधिक शिक्षालय (अमिन, जेटिए, भेटनरी, विजुली, डकर्मी, सिकर्मी, धारा मिस्त्री) संचालन गर्न संघिय सरकार र CTEVT सँग समन्वय गरिनेछ । त्यस्ता बिषयका कक्षाहरु संचालन गर्न आवश्यक भौतिक पूर्वाधार तयार गरिनेछ ।
- वीरगंजमा पुरानो बसपार्कमा निजी क्षेत्रसँगको साझेदारी (BOOT System) मा पार्किङ समेतको उपयुक्त संरचना निर्माणका लागि प्रस्ताव आह्वान गरिने छ ।
- संस्थागत सामाजिक उत्तरदायित्व Corporate Social Responsibility (CSR) अन्तरगत खर्च गर्नुपर्ने रकम शिक्षा र स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधारमा लगानी गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । यस कार्यका लागि हरेक औद्योगिक घराना, संघसंस्थासँग छुट्टाछुट्टै सम्झौता गरिनेछ ।
- विक्रम सम्वत २०२१-२०२२ सालको सर्वेको आधारमा नापी गराई ऐलानी, पर्ती जग्गाहरु मिचेको, भोग चलन गरिरहेको र नियतबस ब्यक्तिले आफ्नो नाममा समेत गराई सकेको जग्गाहरु पत्तालगाउन विज्ञ सहितको ***सार्वजनिक तथा ऐलानी जग्गा खोजबिन समिति*** गठन गरी आवश्यक प्रक्रियाबाट उक्त जग्गाहरु प्राप्त गरि सार्वजनिक कामको लागि उपयोग गरिदै लगिनेछ ।

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)

- नगर क्षेत्रमा जग्गा विकास कार्यक्रम (Land Pulling) संचालन गर्न संघ तथ प्रदेश सरकार र एशियाली विकास बैंकबाट आर्थिक तथा प्राविधिक सहयोग माग गरिनेछ ।
- वीरगंज महानगर वडा नं. ३२ स्थित रामवन शिवनगरमा खानेपानीको व्यवस्था मिलाईनेछ । साथै रामवन कुनाटोल र दशविगाह जोडने नदिमा कलर्भड निर्माण गरिनेछ ।
- हाल संचालनमा रहेको क्षेत्रीय शहरी विकास आयोजनाले महानगरपालिकाको सम्पूर्ण क्षेत्रलाई व्यवस्थीत गर्न नसक्ने भएकोले तेस्रो चरणको आयोजना संचालनका लागि सरोकारवालासँग समन्वय गरि नेपाल सरकारसँग प्रस्ताव गरिनेछ ।
- नेपाल खानेपानी संस्थानबाट संचालन भएका सार्वजनिक धाराहरुलाई आवश्यक मर्मत सम्भार गरी पुनः संचालन गर्न लगाईनेछ । साथै थप सार्वजनिक स्थलमा धारा जडान गर्न पहल गरिनेछ ।
- मूर्ली तरकारी बजार स्थानान्तरण गर्दा बाटोको लागि आवश्यक पर्ने जग्गा राष्ट्रिय बाणिज्य बैकसँग खरिद गरिनेछ ।
- वीरगंज महानगरपालिकाको आवासीय क्षेत्रमा रहेको विद्युतको हाइटेन्सन तार व्यवस्थित गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ । साथै नगर क्षेत्रका पोलमा रहेका अव्यवस्थित तारलाई सम्बन्धित सरोकारवालासँग समन्वय गरी व्यवस्थित गर्न लगाईनेछ ।
- रामवन देखि भेडाहा खोला सम्मको जंगल क्षेत्रमा पिक्निक स्पट, मनोरन्जन पार्क र चिडियाखाना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।
- वीरगंज महानगरपालिका वडा नं. ९ मा रहेको महानगरपालिकाको नाउँमा रहेको अतिथी सदन भवनको पुनर्निर्माणको लागि सार्वजनिक निजी साझेदारीमा पच्चिस वर्षको अवधि दिई भवन बनाई सो को एक तल्ला वडा नं. ९ को वडा कार्यालयलाई निःशुल्क रुपमा उपलब्ध गराउने र पच्चिस वर्ष पछाडी महानगरपालिकाको पूर्ण स्वामित्व हुने गरी आब्हान गरिनेछ ।
- समुदाय निजी साझेदारी अन्तर्गत संचालनमा रहेको घडिअर्वा पोखरी परिसरको म्यूजिकल फाउन्टेनलाई सूचारु गराईनेछ ।

## ३०) वन वातावरण तथा विपद व्यवस्थापन

- सार्वजनिक निजी साझेदारीमा निजी सेवा प्रदायक संस्थाबाट साउन १ गतेदेखि स-शुल्क फोहोर मैला संकलनको व्यवस्था मिलाईएको छ ।
- निर्माण कार्य अन्तिम चरणमा रहेको ल्याण्ड फिल्ड साईटको निर्माण कार्य शिघ्र सम्पन्न गरि संचालनमा ल्याई फोहोर मैलाको दिगो व्यवस्थापन गरिनेछ । यसैगरी ग्रामिण क्षेत्रमा फोहोर मैला व्यवस्थापनका लागि वायोग्यास प्लाण्ट स्थापना गर्न डिपिआर तयार गरिएकोछ ।

- वृक्षारोपण तथा हरियाली प्रवर्द्धनमा जोड दिई यस कार्यमा स्थानीय संघ संस्थाहरुलाई परिचालन गर्दै ऐलानी, पर्ती, नदिको किनारका जमिन तथा व्यक्तिको निजी जग्गामा समेत वन लगाउने विशेष कार्यक्रम ल्याईनेछ ।
- विकास र विपद् व्यवस्थापनलाई एकिकृत ढंगले संचालन गरि विपद जोखिम न्यूनिकरण गरिनेछ ।
- वारुणयन्त्र सेवालाई प्रभावकारी वनाइनेछ । उद्योग, कलकारखानालाई आवश्यक परेको बेला तत्काल प्रयोग गर्न सहज हुने स्थानमा वारुणयन्त्र राख्न वीरगंज उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ ।
- विपद व्यवस्थापनका लागि स्थानीय प्रशासन लगाएत विभिन्न निकायसँग समन्वय गरी उद्धार, खोज, राहतका कार्यलाई प्रभावकारी वनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- एक घर दुई विरुवा कार्यक्रमलाई अनिवार्य रुपमा लागु गरिनेछ । यसकालागी वडा समितिका पदाधिकारी र टोल विकास संस्थालाई जिम्मेवार बनाईनेछ । घरजग्गाको निमार्ण सम्पन्नता लिनु पूर्व यसको अनुगमन गरी मात्र निमार्ण सम्पन्नता प्रमाण पत्र दिईनेछ ।
- न्यूनतम आवश्यक सामाग्रीको व्यवस्था सहित सम्पूर्ण वडामा विपद व्यवस्थापन समिति गठन गरि जिम्मेवार बनाइनेछ ।
- निजी क्षेत्रको सहकार्यमा शववाहन संचालन गर्न औद्योगिक प्रतिष्ठान तथा अन्य निकायसँग समन्वय गरिनेछ ।
- परम्परागत दाहसंस्कार विधिलाई सरल, सहज र सुविधाजनक बनाई वनजंगलको संरक्षण र वातावरणमैत्री बनाउन वीरगंज क्षेत्रमा विद्युतीय शवदाह गृह निर्माणका लागि निजी क्षेत्र तथा प्रदेश र संघिय सरकारसँग पहल गरिनेछ ।
- भान्साघरबाट निस्कने फोहोरलाई घरभित्र व्यवस्थापन गर्न टोल विकास संस्था, नीजि साझेदारी अवधारणा अनुसार कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक स्थान, सडक, बाटो, पेटी, बसपार्क जस्ता स्थलहरुमा फोहोर फाल्ने र सडक, पेटी र सार्वजनिक स्थलहरुमा फोहोर गर्नेलाई कडाईका साथ नियन्त्रण गर्न यस्ता कार्य गर्नेलाई कानुन अनुसार दण्डीत गरिनेछ ।

**३१) सुशासन तथा संस्थागत विकास**

- नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकार बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै पारदर्शी र जनमुखी नेतृत्वको विकासका लागि स्थानीय शासन पद्धतिलाई

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

व्यवस्थित गर्न स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरिनेछ ।

- आम नागरिकहरुको प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय तह हो । स्थानीय सरकारबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यमा गुणस्तरीयता एवं परिणाममुखी बनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी र सहभागितामूलक बनाउने कुरामा महानगरपालिका सदैव प्रयत्नशिल रहनेछ ।
- आगामी आर्थिक बर्ष देखि महानगरले स्वीकृत गरेका नीति तथा कार्यक्रमहरुको अर्द्धवार्षिक एवम् वार्षिक समिक्षा गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा सूचना प्रविधिको प्रयोग, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्रको व्यवस्था गरि सार्वजनिक सेवालाई प्रभावकारी बनाईनेछ ।
- बैंक र वडा कार्यालयसँग समन्वय गरि सम्वन्धीत वडाको पायक पर्ने स्थानमा रहेको बैंकमा खाता खोली सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध गराईनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण र तालिम उपलब्ध गराई कार्यक्षमताको विकास गरिनेछ ।
- न्यायीक समितिलाई क्षमतावान र क्रियाशिल बनाई जनताहरुलाई छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वडामा मेल मिलाप समिति गठन गरिनेछ, मेल मिलाप समितिले समाधान गर्न नसकेका विवाद मात्र न्यायीक समितिले हेर्ने व्यवस्था मिलाइनेछ ।
- प्रथम चौमासिक देखि नै योजना कार्यान्वयन प्रारम्भ गरि उपभोक्ता समितिलाई तालिम दिई अनुगमनलाई प्रभावकारी बनाई जेष्ठ महिना सम्ममा सम्पूर्ण योजनाहरुको भुक्तानी गरि योजना अनुशासन कायम गरिनेछ ।
- अन्तरनिकाय समन्वय बैठकहरु आयोजना गरि विकासमा सबै पक्षको सहयोग परिचालन गरिनेछ ।
- महानगरको कानुन जनताले जानुन भन्ने अभियानलाई महानगरवासीको घरघरमा पुऱ्याउन ***कानुनी सारक्षरता अभियान*** संचालन गरिने छ ।
- ***जनतासँग जनप्रतिनिधी*** कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनग गरिनेछ । स्थानीय एफएम रेडियो मार्फत कार्यक्रमलाई हरेक वडामा संचालन गरिनेछ । यस अभियान अन्तरगत हरेक महिनाको एकपटक ***जनता मेयर आमनेसामने*** कार्यक्रम संचालन गरिनेछ ।

- सुरक्षा निकाय, वीरगंज उद्योग बाणिज्य संघ र सेफर वीरगंजसँग समन्वय गरि शहरको मुख्य स्थानहरुमा सि.सि. क्यामेरा जडान गरि सुरक्षा निगरानीको व्यवस्थालाई निरन्तरता दिईने छ ।
- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, मातहतका स्वास्थ्य केन्द्र र शिक्षण संस्थाहरुमा मदिरा जन्य पदार्थ, सुर्ती जन्य वस्तु, पान मसला, गुट्खा लगायतको सेवन र प्रयोगमा प्रतिबन्ध लगाईनेछ । साथै यसक्षेत्रलाई प्लाष्टिक झोला प्रयोगमा प्रतिबन्ध लगाई यस कार्यमा नगर प्रहरीलाई अनुगमनको लागि जिम्मेवार बनाईनेछ ।
- कार्यालयलाई उपयुक्त नदेखिएका करार र दैनिक ज्यालादारीका कर्मचारीको करार सेवा नविकरण गरिने छैन ।
- हाल कार्यरत नगरप्रहरीको क्षमताको परिक्षण गरि जिम्मेवारी वहन गर्न नसक्ने नगरप्रहरीलाई अन्य जिम्मेवारी तोकिने छ । महानगरको आवश्यकतालाई ध्यानमा राखी नगर प्रहरीको दरवन्दी थप गरी अधिकृत स्तरको कमाण्डमा प्रभावकारी रुपमा परिचालन गरिनेछ । नगर प्रहरीलाई तालिम उपलब्ध गराई संस्थागत क्षमता विकास गरिनेछ ।
- फोहोर मैला व्यवस्थापन तथा सरसफाई, वृक्षारोपण, जनपरिचालन, शिक्षा र स्वास्थ्य अदि क्षेत्रमा नमुना कार्य गर्न वडाहरुलाई थप बजेट दिई प्रोत्साहन गरिनेछ ।
- महानगरपालिकामा निर्माण सेवामा रहेका कम्पनी तथा कार्यालयको लागि आवश्यक भौतिक सामाग्री र उपकरण खरिदको ठेक्का लिएका कम्पनीले तोकिएको मापदण्ड भन्दा वाहिरको सामान खरिद गरेमा वा उपलब्ध गराएमा त्यस्ता कम्पनीलाइ कालो सुचीमा राखी कानुन वमोजिम कार्वाही गरिनेछ ।
- सडक तथा फूटपाथमा माछा, मासु, फलफूल तथा तरकारी बेचविखन गर्न रोक लगाईनेछ । त्यसको कडाईका साथ अनुगमन गर्न नगर प्रहरीलाई जिम्मेवार वनाईनेछ ।
- नगर क्षेत्र भित्र छाडारुपमा छोडिएका चौपाया र जनावरहरुलाई नियन्त्रण गर्न नीजि क्षेत्रसँग सहकार्य गरीनेछ । यस कार्यमा नगरप्रहरीलाई जिम्मेवार वनाई अनुगमन गरिनेछ ।
- वडा कार्यालयलाई तोकिएको जिम्मेवारी पुरा गरे वा नगरेको विषयमा एकिन गर्न स्वतन्त्र सामाजिक लेखापरिक्षक तोकेर अनुगमन गराईने छ ।
- विकास निर्माणको कार्यलाई तोकिएको समयमा निर्धारित मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको प्रबन्ध गरिनेछ ।
- वीरगंज स्थित उच्च अदालतको अस्थायी इजलासलाई स्थायी बनाउन संघीय सरकारसँग माँग गर्ने र उच्च अदालत स्थापनाको लागि वीरगंज चिनी कारखानाको जग्गा उपलब्ध गराउन पहल गरिने छ ।

३२) **राजश्व परिचालनका नीतिहरु**

- आगामी आर्थिक बर्ष देखि एकिकृत सम्पतिकर हटाई घर र घरले चर्चेको बढीमा दुईगुणा जग्गामा सम्पति कर र खालि जग्गामा भूमि कर (मालपोत) लगाईनेछ ।
- घर बहाल कर १२ प्रतिशतले लाग्दै आएकोमा आगामी आर्थिक बर्ष देखि १० प्रतिशत मात्र लिइनेछ ।
- व्यवसाय करलाई समसामयिक र व्यवहारिक बनाई हालसम्म दर्ता नभएका तथा दर्ता भएका तर नविकरण नभएका व्यवसायका लागि २०७६ असोज भित्र दर्ता हुन आउनेलाई विगत ३ वर्षको व्यवसाय कर मात्र लिई जरिवानामा छुट गरिनेछ ।
- सवारी व्यवस्थापन शुल्क यथावत कायम गर्दै निजी सवारी साधनमा पटके शुल्क हटाईएको छ ।
- गैर सरकारी संघ संस्थाहरुलाई लगाइदै आएको व्यवसाय कर रु.३ हजार खारेज गरि सूचीकृत शुल्क मात्र लिइनेछ ।
- ई-रिक्शा, टाँगा, रिक्सा र ठेलाको दर्ता तथा नविकरण यसै कार्यालयबाट गर्ने व्यवस्था मिलाई महानगरपालिका भित्र संचालनमा रहने सम्पूर्ण सार्वजनिक सवारी साधनको रुट र भाडा दर समेत महानगरपालिकाबाट तोकिनेछ ।
- Children Park लाई सार्वजनिक निजी साझेदारी अवधारणामा संचालन गरिनेछ ।
- करको दायरा बढाउन घुम्ती टोलीको व्यवस्था, अनुगमन र करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ । राजश्व प्रशासनलाई पारदर्शी र जवाफदेही वनाउन कर्मचारीलाई तालिमको व्यवस्था मिलाईनेछ ।
- करको दायरालाई फराकिलो वनाउन, हरेक सेवाग्राहीलाई करको दायराभित्र ल्याउन सरोकार पक्षसँग सम्वाद, समन्वय गर्न तथा महानगरको आन्तरीक राजश्वलाई वृद्धि गर्न ***राजश्व समन्वय तथा अनुगमन समिति*** गठन गरिनेछ ।
- महानगरपालिकाले तोकेको फुटपाथमा ब्यापार गर्ने व्यापारीलाई अस्थायी दर्ता प्रमाणपत्र उपलब्ध गराई करको दायारामा ल्याईनेछ ।
- आवासीय क्षेत्रमा हुने जोखिम न्यूनीकरणका लागि कुनै व्यक्ति वा फर्मले प्रज्ज्वलनशिल पदार्थ वा वस्तु महानगरपालिकाको अनुमति नलिई वीरगंजमा भण्डारण गर्न पाईने छैन । अनुमति नलिई भण्डारण गरेको पाइएमा कानुन बमोजिम कार्वाही हुनेछ ।

**अनुमानित व्यय, मुख्य आयोजना र श्रोत व्यवस्थापन**

**अध्यक्ष महोदय,**

**३३**) अब म आगामी आर्थिक बर्ष ०७६/०७७ को अनुमानित कुल व्यय, क्षेत्रगत व्यय, मुख्य मुख्य आयोजना र श्रोत व्यवस्थापनको बारेमा प्रस्तुत गर्न गई रहेको छु । आगामी आर्थिक बर्ष

०७६/०७७ मा कुल रु. ४ अर्व ४८ करोड १३ लाख ४८ हजार ८ सय ७९ व्यय हुने अनुमान गरिएको छ । यसमा चालु तर्फ रु. १ अर्ब [illegible] करोड २४ लाख ३७ हजार अर्थात ३०.८५ प्रतिशत, पुँजीगत तर्फ रु. ३ अर्व ३ करोड ८९ लाख ११ हजार अर्थात ६७.८१ प्रतिशत र वितिय व्यवस्था तर्फ रु ६ करोड अर्थात १.३४ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

३४) कुल खर्च मध्ये आर्थिक विकास क्षेत्रमा रु. २ करोड ३४ लाख ७० हजार अर्थात ०.५२ प्रतिशत, सामाजिक विकास क्षेत्रमा रु. ७१ करोड ८२ लाख ७२ हजार अर्थात १६.०३ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा रु. २ अर्व ९४ करोड २८ लाख ५८ हजार ६ सय ७९ अर्थात ६५.६७ प्रतिशत सुशासन तथा अन्तर सम्बन्धि क्षेत्र (वन, वातावरण तथा विपद् समेत) तर्फ रु ३ करोड ३२ लाख ७९ हजार अर्थात ०.७४ प्रतिशत र कार्यालय तर्फ रु. ७६ करोड ३४ लाख ६८ हजार ८ सय अर्थात १७.०४ प्रतिशत व्ययको अनुमान पेश गरेको छु ।

३५) आगामी वर्ष संचालनहुने मुख्य आयोजनाहरुमा RUDP तथा STIUEIP रु. २ अर्व २८ करोड ४२ लाख २१ हजार ९ सय ९३, वडा स्तरीय योजना रु. १९ करोड ७० लाख, मैचिङ्ग फण्ड रु. २३ करोड १२ लाख ८ हजार ८ सय ५६, लक्षित कार्यक्रम रु १ करोड ५० लाख, तराई मधेश समृद्धि कार्यक्रममा रु. १ करोड ४० लाख, सडक बोर्ड कार्यक्रममा रु १ करोड ५० लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम रु ४५ लाख ९४ हजार, बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु. २० लाख, सामाजिका सुरक्षा भत्ता तर्फ रु. २० करोड, वडा भवन तर्फं रु. ४ करोड, उज्यालो वीरगंज कार्यक्रम तर्फ रु. ३ करोड, शैक्षिक विकास तर्फ रु. ५२ करोड ४१ लाख ६४ हजार, स्वास्थ्य तर्फ रु. १० करोड ७५ लाख २७ हजार,.कृषि विकास तर्फ रु ५७ लाख, पशु विकास रु. २५ लाख र जनसहभागितामा आधारित कार्यक्रम तर्फ रु. ४ करोडको बजेट व्यवस्था मिलाएको छु । बजेटमा समावेश हुन नसकेका महत्वपूर्ण आयोजनाहरु Project Bank मा राखि श्रोतको उपलब्धता भए पछि क्रमश: कार्यान्वयन हुने व्यवस्था मिलाएको छु ।

३६) आगामी आर्थिक वर्षको अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघीय सरकारको वित्तिय समानिकरण रु. ४४ करोड १४ लाख, राजश्व बाँडफाँड रु. २६ करोड ७४ लाख, सशर्त अनुदान रु. ६१ करोड २३ लाख प्राप्त हुने अनुमान छ । त्यसै गरि प्रदेश सरकारबाट वित्तीय समानिकरण रु. १ करोड १५ लाख ७३ हजार, सशर्त अनुदान तर्फ ३ करोड, राजश्व बाँडफाँड तर्फ सवारी साधन रु. ३ करोड १४ लाख ४ हजार, घर जग्गा रजिष्ट्रेशन तर्फ रु. ६ करोड, सरसफाई सेवा शुल्क तर्फ रु. १ करोड ५५ लाख १८ हजार, नगर विकास अनुदान तर्फ २ अर्व २० करोड ६५ लाख १० हजार १ सय ६०, नगर विकास ऋण तर्फ रु. ७ करोड ७७ लाख ११ हजार ८ सय ३३, सडक बोर्ड तर्फ १ करोड ५० लाख र युनिसेफ तर्फ रु. १ करोड १६ लाख प्राप्त हुने अनुमान छ । यसै गरी नगद मौज्दात तर्फ रु. २१ करोड ४३ लाख ३१ हजार ८ सय ८६ र आन्तरिक आय तर्फ रु. ४८ करोड ६६ लाखको अनुमान गरेको छु ।

३७) प्रस्तुत नीति, बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट वीरगंज महानगरको आर्थिक तथा सामाजिक विकासका पूर्वाधारहरु सृजना भई सभ्य र समृद्ध वीरगंजको विकासमा मद्दत पुग्ने विश्वास लिएको छु । यसैगरि स्थानीय शासनको प्रवर्द्धन र लोकतन्त्रको सबलीकरण हुने विश्वास लिएको छु ।

**संघीय र प्रदेश सरकारसँग गरिएको अपेक्षा**

अध्यक्ष महोदय,

३८) सुशासन, विकास र समृद्धिका लागि संविधानको भावना वमोजिम संघीय र प्रादेशिक सरकारबाट समन्वय, सहकार्य र सहअस्तीत्वको अपेक्षा गरेका छौं । विकास योजनाको तर्जुमा तथा कार्यान्वयनमा तीन तहको सरकारहरु बिच समन्वय र सहकार्यको अपेक्षा गर्दछु । स्थानीय जनताले सवै काम नजिकको सरकारको रुपमा रहेको वीरगंज महानगरपालिकाबाट अपेक्षा गरेको हुँदा महानगरलाई पर्याप्त साधन स्रोत उपलब्ध गराउन अनुरोध गर्दछु । यसका साथै महानगरपालिकाको संस्थागत विकासका लागि संघ र प्रदेशबाट सहयोगको अपेक्षा राखेको छु । संघ र प्रदेशले वनाएका ऐन कानुनका आधारमा स्थानीय सरकारले कतिपय कानुनहरु वनाउनु पर्ने भएकोले ती कानुनहरु यथासम्भव छिटो वनाईदिन आग्रह गर्दछु । तीन तहको सरकारको सहअस्तित्वको मूल्य र मान्यतामा वीरगंज महानगरपालिका समन्वय, सम्वाद र सहकार्यका लागि निरन्तर लागिरहने प्रतिवद्धता व्यक्त गर्दछु ।

३९) संघ र प्रदेश सरकारबाट अपेक्षा गरेका महत्वपूर्ण कार्यक्रम तथा योजनालाई सफल वनाउन संघीय र प्रदेश सरकारसँग निरन्तर सम्वाद गरिनेछ । संघीय र प्रदेश सरकारसँग अपेक्षा निम्न रहेको छ ।

- ठाकुरराम बहुमुखी क्याम्पसलाई आधार वनाई वीरगंज विश्वविद्यालय संचालन गर्न प्रदेश र संघीय सरकार तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।
- वीरगंजमा इन्जिनियरिङ (Engineering) कलेज स्थापनाका लागि सम्भाब्यता अध्ययन गर्न सम्बन्धित मन्त्रालय लगायत सरोकारवालासँग छलफल गरी आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।
- उद्योग, कलकारखानामा चाहिने जनशक्ति उत्पादन गर्न वीरगंजमा प्राविधिक कलेजको स्थापना गर्न वीरगंज उद्योग वाणिज्य संघ लगाएत संघीय, प्रदेश सरकार र अन्य निकायसँग समन्वय गरिनेछ ।
- घना वस्तीको विचमा रहेको वीरगंज कारागारलाई अन्यत्र स्थानान्तरण गर्न संघीय सरकारसँग पत्राचार गरिनेछ । त्यसको विकल्पमा वीरगंज महानगरपालिकाले उपयुक्त ठाउँमा जमिन उपलब्ध गराउनेछ ।

- वीरगंज महानगरपालिका बर्षौ देखि ऋणी[illegible] व्ययभार बोक्दै आएकोले विकास निर्माणका कार्यमा आम नगरवासीले अपेक्षा गरे जस्तो काम गर्न नसकिएको हुँदा पुरानो बक्यौता र ऋण तिर्नका लागि संघीय सरकार र प्रदेश सरकारसँग विशेष निर्शत अनुदानको लागि प्रस्ताव गरिनेछ ।

- वीरगंज महानगरपालिका वडा नं. १४ मा रहेको वीरगंज चिनी कारखानाको स्वामित्वमा हरेको जग्गामा शिक्षण अस्पताल स्थापनाको लागि संघीय सरकारसँग पहल गरिनेछ ।

- सिर्सिया करिडोर निर्माणको लागि त्यसको डिपिआर तयारगर्न संघीय सरकारलाई प्रस्ताव पेश गरिएको छ । सिर्सिया रिभर फ्रण्ट आयोजना लाई बहुवर्षिय लगानी योजना सहित यसक्षेत्रलाई आर्थिक, पर्यटकीय तथा वातावरणीय योजनाको रुपमा विकास गर्न संघीय सरकारसँग पहल गरिनेछ ।

- भेडहा नदी, बौगी, सिंघा खोला किनारको भू-भागमा रहेको ऐलानी, पर्ति जग्गा खोजविन गरी उक्त जग्गामा विभिन्न किसिमको वाटर पार्क, फन पार्क, मनोरंजनात्मक होटलको व्यवस्था गर्न निजी क्षेत्रसँग Boot System मा योजना संचालन हुने गरी सहकार्य गरिनेछ । ती क्षेत्रका सार्वजनिक जमिन भोगाधिकारका लागि संघीय सरकारसँग पत्राचार गरीएकोमा हाल सम्म कुनै जानकारी नआएको हुँदा पुनः सम्बन्धित निकायको ध्यानाकर्षण गरिनेछ ।

- वीरगंजमा अन्तर्राष्ट्रिय स्तरको नगर सभाहल र व्यापारीक प्रर्दशनी केन्द्र स्थापनाका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ । यसमा निजी क्षेत्रलाई समेत सहभागी गराईनेछ ।

- डिपिआर तयार भैसकेको परवानीपुर कृषि मण्डीको निर्माण गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ ।

- संघ र प्रदेश सरकारसँगको सहकार्यमा अतिविपन्न गरिव र दलित समुदायको लागि आवास निर्माणका लागि विशेष पहल गरिनेछ ।

- वीरगंज महानगरपालिकाको लालपर्सामा रहेको सार्वजनिक ऐलानी जमिनमा ट्रान्सर्पोट नगर निर्माणका लागि संघीय र प्रदेश सरकारलाई प्रस्ताव पेश गरिनेछ । यस कार्यका लागि निजी क्षेत्रलाई समेत संलग्न गराईनेछ ।

- वीरगंज पथलैया औद्योगीक करिडोरको क्षेत्रगत विकासका लागि परवानीपुर गाउँ पालिका र जितपुर सिमरा उपमहानगरपालिका कार्यालयसँग समन्वय गरिनेछ ।

- वीरगंज मीनावजारमा रहेको साबिकको जिल्ला शिक्षा कार्यालयको आवासीय भवनलाई महानगरपालिकाको मातहतमा ल्याउन र साबिकको शैक्षिक तालिम केन्द्र वीरगंजको भवन सहितको संरचनालाई महानगरीय तालिम केन्द्रको रुपमा वीरगंज महानगरपालिका मातहत ल्याउन आवश्यक पहल गरिनेछ ।

- सिपमूलक र दक्ष जनशक्ति उत्पादनका लागि CTEVT सँग अनुमति लिई महानगरपालिकाले व्यवासायीक तालिम संचालन गर्न त्यसको लागि संघीय सरकारसँग पहल गरिनेछ ।

- वीरगंज नर्सिङ्ग क्यापसको स्वामित्वमा रहेको खाली जग्गामा पारामेडिकल इन्स्टिच्युट संचालन गर्न सम्पूर्ण सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

- वीरगंज नगवा स्थित माइधिया पोखरीको सौन्दर्यीकरण र त्यस स्थानमा आकाशेपुल निर्माण गरि दोस्रो वाइपास सडक संचालनमा ल्याईनेछ ।

- वीरगंज महानगर पालिका वडा नं. ३१ इस्लामपुरमा गुठीको नाउँमा रहेको करिव पाँच सय विघा जग्गामा औद्योगीक क्षेत्र स्थापना गर्न संघीय र प्रदेश सरकारसँग जग्गा उपयोगको लागि पहल गरिनेछ ।

- फरक फरक खालका अपांगता भएका बालबालिकाहरुका लागि आवासीय सुविधा सहितको एउटै केन्द्र निर्माण र संचालन गर्न आवश्यक पहल गरिनेछ ।

- कृषि प्राविधिक सहितको कृषि उपकेन्द्रहरु संचालन गर्न संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- पशु चिकित्सक( प्राविधिक) सहितको पशुसेवा केन्द्रहरु संचालन गर्न संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

४०) अन्त्यमा प्रस्तुत बजेट तर्जुमा गर्दा महत्वपूर्ण राय सुझाव दिन हुने संघीय तथा प्रदेशका माननीय सांसदज्यूहरु, राजनीतिक दलका नेतागण, वीरगंज उद्योग वाणिज्य संघका पदाधिकारी, नागरिक समाजका अगुवा व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरि महानगरको कार्यपालिका तथा नगरसभाका जनप्रतिनिधि साथीहरु, महानगरपालिकाका सल्लाहकारहरु, कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । महानगरको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउनु हुने करदाता, नगरवासी, बुद्धिजीवी, संचारकर्मी, विकासका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारहरु र स्थानीय प्रशासनप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो बजेट कार्यक्रम कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

**धन्यवाद ।**